लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

लुम्बिनी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गुल्मी,नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं : ९६

## कार्यक्रम संचालनका लागि आवेदन / प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना
## (प्रथम पटक प्रकाशित मिति २०८२/०७/११)

यस कार्यालयको आर्थिक बर्ष २०८२/२०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८२/८/१० गते) सम्म तथा विउ आत्मनिर्भर कार्यक्रम अन्तर्गत गहूँबाली को बिज वृद्धि कार्यको हकमा प्रकाशित मितिले १५ दिन (मिति २०८२।०७।२५ गते) सम्म यस केन्द्रमा तपशिल अनुसारका कागजातहरु सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित उल्लेखित कागजाँत संलग्न गरी निवेदन पेश गर्न हुन सम्बन्धित सबै (कृषक समुह/कृषक सहकारी/कृषक उद्यमी/फर्म/कम्पनि) को जानकारी का लागि यो सुचना प्रकाशन गरिएको छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा ब्यवसायिक योजना संलग्न गर्नुपर्ने कागजात संचालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेभ साइट (gulmi.akc.gov.np) बाट प्राप्त गर्न सकिने छ ।

तपशिल

| क्र सं | कार्यक्रम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप,सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार।<br>स्यालो ट्यूववेल जडान | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।<br>रु ५० हजार भन्दा कम लागतको आयोजना पेश गर्न पाईनेछैन। | • तपशिल बमोजिम उल्लेखित रकममा नबढ्ने गरी कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग ।<br>• फर्म/कम्पनीको हकमा प्रति आयोजना अनुदानग्राही अधिकतम रु ७५ हजार सम्म।<br>• कृषक समूह/ कृषक सहकारी / जल उपभोक्ता समितिको हकमा प्रति आयोजना अधिकतम रु १ लाख ५० हजार सम्म।<br>• कार्यालयले आयोजना छनौट गर्दा समग्रमा प्रति आयोजना औषत अनुदान रु १ लाख नबढ्ने गरी गर्नुपर्नेछ । |
| २ | बिउ आत्मनिर्भर कार्यक्रम | • उत्पादन सामग्री : स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, , सुक्ष्म तत्व खरिद,<br>• प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद।भण्डारण सामाग्रि तथा बजारीकरणमा सहयोग। | • वीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेः<br>बीज वृद्धि — पहाड (रोपनी)<br>तरकारी बीउ — ५<br>लसुन तथा प्याज बीउ — ५ | • मूल/प्रजनन वीउ र सामग्रीको हकमा तपशिलमा उल्लेखित रकममा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ।<br>• आलु (पि वि एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रू. २५००/-<br>• तरकारी, लसुन, प्याज तथा |



नरेश घिताल
प्रमुख

CamScanner

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खाद्यान्न बाली बीउ</td><td>६०</td></tr>
<tr><td>दलहन/तेलहन बीउ</td><td>१०</td></tr>
<tr><td>आलु बीउ पि.वि.एस.</td><td>५०० दाना</td></tr>
<tr><td>आलु बीउ (अन्य स्तर)</td><td>१०</td></tr>
</table>
• विउ उत्पादनमा संलग्न कृषक/ कृषक समूह/ कृषि सहकारी ले आवेदन पेश गर्न सक्ने ।<br>
• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने,<br>
• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>
• बीउ बिजन उत्पादन तथा कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>
• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने।
</td><td>अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु. ५०००/-<br>
• खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु.१५००/- अनुदान दिइने।</td></tr>
<tr><td>३</td><td>रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम</td><td>• खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारीजन्य रैथाने तथा स्थानीय जातका बालीको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)</td><td>• उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी हुनुपर्ने<br>
• उपयुक्तताका आधारमा कार्यालयले लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने</td><td>• प्रति अनुदानग्राही रु पचास हजारमा नबढ्ने गरी कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग ।</td></tr>
</table>



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | व्यावसायिक तरकारी / तरकारी / वर्षे आलु / आलु प्रवर्द्धन कार्यक्रम | • फर्म/ कृषक समूह/ कृषि सहकारीले बालीको उत्पादन तथा प्राथमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरू वीउ विजन, बाली संरक्षण, सुक्ष्मतत्व, जैविक विषादी आदी | • देहायका बालीमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्ने:<br>बालीबस्तु/ — पहाड<br>तरकारी — २ रोपनी<br>वर्षे आलु — ३ रोपनी<br>समूह/सहकारीको हकमा उल्लिखित क्षेत्रफलको ५ गुणा बढी हुनुपर्ने | बजेटको परीधिभित्र रही :<br>• यन्त्र उपकरण / अन्य सामाग्रीको हकमा ५० प्रतिशत<br>• बीउ बिजन तथा टनेल निर्माणमा ५० प्रतिशत<br>• प्रति कठ्ठा बढीमा रू. ३ हजारसम्म अनुदान सहयोग |
| ५ | किवी प्रवर्द्धन कार्यक्रम (गुल्मीदरबार गा.पा.) | • उत्पादन सामाग्री (बिरुवा ढुवानी सहित, सुक्ष्मतत्व, तथा उपकरण (स्प्रेयर, करौंती, सिकेचर, आदि)।<br>• पोल, थाक्रा र तार<br>• खाडल खन्ने उपकरण (डिगर)<br>सिंचाई पूर्वाधार (प्लाष्टिक पोखरी, ड्रिप सेट, पाइप, पानी तान्ने पम्प, आदि)। | • फर्म/कृषक समूह/कम्पनि /कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने।<br>न्यूनतम ३ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना भएको वा गर्नुपर्ने। | बिरुवा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्ग सहित) पोल तथा अन्य उत्पादन सामाग्री तथा उपकरण र सिंचाई पूर्वाधारमा ५ लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग |
| ६ | स्थापित किवि बगैंचामा पोल सहयोग कार्यक्रम | स्थापित किवि बगैंचामा पोल खरिद तथा जडान | • फर्म/ कम्पनि /कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने।<br>न्यूनतम ३ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना भएको वा गर्नुपर्ने। | • प्रयोग हुने पोलमा प्रति रोपनि १ लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग । |
| ७ | सुन्तला /कागती खेती प्रवर्द्धन कार्यक्रम (कालिगण्डकी गा.पा.) | उत्पादन सामाग्रीहरुः प्राङ्गारिक मल, बिरुवा, सिचाईका लागि आवश्यक सामग्री, सिंचाइ पूर्वाधार, साना कृषि औजार उपकरण | • कम्तीमा ३ रोपनीको बगैंचा स्थापना भएको वा हुनुपर्ने<br>• बिरुवा रोप्दा बगैँचाको रेखाङ्कन गर्नुपर्नेछ, ,<br>• लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकले नै पुनरोपण गर्ने प्रतिवद्धता हुनुपर्ने, | • बिरुवामा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्गसहित) अन्य उत्पादन सामाग्री तथा उपकरण र सिचाँइ पुर्वाधारमा प्रति रोपनि १० हजारमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग |
| ८ | एभोकाडो प्रवर्द्धन कार्यक्रम (कालिगण्डकी | उत्पादन सामाग्रीहरुः प्राङ्गारिक मल, बिरुवा, सिचाईका लागि आवश्यक सामग्री, सिंचाइ पूर्वाधार, साना कृषि औजार उपकरण | • कम्तीमा २ रोपनीको बगैंचा स्थापना भएको वा हुनुपर्ने<br>• बिरुवा रोप्दा बगैँचाको रेखाङ्कन गर्नुपर्नेछ ।<br>• लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकले नै पुनरोपण | • बिरुवामा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्गसहित र अन्य उत्पादन सामाग्री तथा उपकरण र<br>• सिंचाई पूर्वाधारमा<br>• प्रति रोपनी १० हजारमा |



नरेश थिताल
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | गा.पा.) | | गर्ने प्रतिवद्धता हुनुपर्ने, | नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान। |
| ९ | उँखु प्रवर्द्धन कार्यक्रम | • उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यहरु | • कम्तीमा ५ रोपनी क्षेत्रफलमा उखु लगाएको हुनुपर्ने।<br>• सामूहिक वा एकल रुपमा एकै क्लष्टरमा खेती गरेको हुनु पर्ने। | • प्रति हेक्टर रु १ लाख मा नबढ्ने गरी उत्पादन सामाग्री (बिउ) प्रशोधनका यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| १० | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | • सहकारी संघ संस्थाहरु मार्फत/ कृषि/पशुपन्छीजन्य उत्पादन , प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिनउपकरण ,औजार ,, सामग्रीमा सहयोग।<br>• तालिम/ सञ्चालन | • सहकारी संघसंस्थाहरुले / कार्ययोजनासहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने<br>• नयाँ ब्यवसाय सहकारी संघ संस्थालेआफैले संचालन गर्नुपर्ने वा सञ्चालन गर्दै आएको ब्यबसाय भएमा ब्यवसाय वा प्रविधि बिस्तार संग संम्वन्धित कृयाकलापहरु थप गरी संचालन गर्नुपर्ने ।<br>• दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने,<br>• कानूनले तोकेको समयावधिभित्र बार्षिक लेखापरीक्षण र साधारण सभा सम्पन्न गरेको हुनुपर्ने,<br>• संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले आयोजना सञ्चालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश हुनुपर्ने,<br>• संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने,<br>• कानूनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनपर्ने, | • सहकारी संघ संस्थाले पेश गरेको प्रस्तावको कुल रकमको ५० प्रतिशत वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउछ स्व रकम प्रदान गरिनेछ । |



नरेश घिताल
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | • दोहोरो अनुदान प्राप्त नगरेको स्वःघोषणा पत्र पेश गर्नुपर्ने।तर व्यवसाय विस्तार गर्ने क्रियाकलापको हकमा भने अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।<br>• अनुसूची -२६ बमोजिमको ढाँचामा प्रस्तावना पेश गर्ने,<br>• दुइ लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाइने छैन ।<br>• सहकारी संघ/संस्था छनोटका आधार अनुसूची -२७ बमोजिम हुनेछ । | |

आवश्यक कागजातहरु :

१ निवेदन (निवेदनको ढाँचा उपलब्ध रहेको) ।
२ दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी (समूह /निजी /फर्म /कम्पनि /सहकारी) ।
३ स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
४ कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपी ।
५ व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (ढाँचा उपलब्ध रहको) ।
६ सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
७ समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णएको प्रतिलिपी ।
८ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
९ जग्गाधनि दर्ता प्रमाणपुर्जाको प्रतिलीपी वा जग्गा भाडामा लिइ कार्यक्रम संचालन गर्नेको हकमा (करार पत्र) ।
१० अनुमानित लागत रकम ( निर्माण गर्ने पूर्वाधारको हकमा )

पुनश्च :

उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रकृया नपुगेका आबेदनहरु माथि प्रकृया अगाडी बढाइने छैन । आवेदन प्रस्ताव का लागी यस केन्द्रका सहयोगि कक्षका कर्मचारीहरु बाट तथा यस केन्द्र मार्फत स्थानिय तहमा खटाइएका प्राविधिकहरु बाट सहजिकरण हुनेछ ।

थप जानकारीका लागि
कृषि ज्ञान केन्द्र, गुल्मी
फोन नं :०७९ ५२०१२६
मोबाइल नं: ९८५७०८५१२६
वेभ साइट gulmi.akc.gov.np



CamScanner